# सद्भावना पार्टी

## संविधान सभा सदस्य निर्वाचन

## घोषणा-पत्र



**राजेन्द्र महतो**

राष्ट्रीय अध्यक्ष

**चुनाव चिन्ह**

**तीर छाप**


**केन्द्रीय चुनाव प्रचार समिति**

**केन्द्रीय कार्यालय**

लाखेचौर मार्ग, गणेश चौक

बानेश्वर, काठमाण्डौ

फोन नं /फ्याक्स नं.०१-४४६५४११

**पृष्ठभूमि :**

नेपाल एउटा बहुजातिय, बहुभाषिक, बहुसांस्कृति, बहुधार्मिक एवं भौगोलिक विविधतायुक्त भू-परिवेष्ठित देश हो । यस देशका अधिकांश भु-भाग पहाडी छन् तर दक्षिणमा भारतको उत्तरी सिमा संग जोडिएको महाभारत पर्वत श्रेणी भन्दा दक्षिण औसत २०-२५ मील चौडाई भएको समतल भूमिलाई मधेश वा तराई भनिन्छ । आफ्नो विशिष्ट सम्पदा एवं संस्कृतिको आधारमा मधेशका मूल निवासीलाई मधेशीको नामले चिनिन्छ । मधेशको इतिहास हजारौ वर्ष पुरानो छ । राजा जनक, सीता र गौतम बुद्ध प्राचीन मधेशका यी तीन विभूतिहरु वाट सारा विश्व परिचित छ । मधेशको इतिहास आधुनिक नेपालको ईतिहास भन्दा हजारौं वर्ष पुरानो छ । महाभारत काल देखी नै यस भू-भागलाई मध्य देशको नामले चिनिन्थ्यो र यसै नामको आधारमा मधेशको मूल निवासी मधेशी कहलाइए । समग्र मधेशका भू-भाग सहित आधुनिक नेपालको निर्माण भएको छ ।

विविध ऐतिहासिक घटनाहरुलाई पार गर्दै औपनिवेशिक काल सन १७६८ ई.मा आधुनिक नेपालको निर्माण प्रक्रियामा प्रारम्भिक संघर्ष देखी नै मधेशीहरुले सवल नेतृत्वदायी र अतुलनिय भूमिकाको निर्वाह गर्दै आएका छन् । वि.सं. २००७ सालको जनक्रान्तिको ऐतिहासिक सफलताका वावजुद पनि यस देशको परम्परागत सामन्ती शासकिय प्रवृतिमा कुनै सुधार आएन् र २०१७ सालमा प्रजातन्त्रको हत्या पछि निरंकुश राजतन्त्र संरक्षित पंचायती व्यवस्थाको दौरान मधेशीहरुलाई राजनैतिक, सामाजिक, भाषायी एवं सांस्कृतिक अधिकारहरु तथा नागरिकता विहिन वनाएर आफ्नै देशमा मधेशी समुदायलाई गुलाम बनाईयो । फलत लोकतान्त्रिक आन्दोलनको साथ-साथै मधेश मुक्तिको समानान्तर आन्दोलन शुरु भयो । यसै दौरान सद्भावना परिषदको स्थापना गरी गजेन्द्र नारायण सिंहको नेतृत्व तथा बाबा रामजनम तिवारीको अभिभावकत्वमा मधेशी नेताहरु तथा कार्यकर्ताहरुले जेल, नेल, लाठी, गोलीको सामना गर्दै सत्याग्रह संघर्षको कार्यक्रम द्वारा मधेशीहरुको समस्या प्रति देश-विदेशको ध्यानाकर्षण गरायो । फलस्वरुप २०४६ सालको जनआन्दोलनमा नेपाल सद्भावना परिषद सक्रिय रुपले सहभागी भयो र आन्दोलनको सफलता पश्चात२०४७ वैशाख २-३ यस परिषदलाई **"नेपाल सद्भावना पार्टी"** मा रुपान्तरण गरियो । विभिन्न राजनैतिक एवं सांगठनिक आरोह अवरोहहरुलाई पार गर्दै २०६४ भाद्र २७-२९ गते जनकपुरमा सम्पन्न पार्टी महाधिवेशनद्वारा पार्टी अध्यक्षको पदमा श्री राजेन्द्र महतो लाई निर्वाचित गरियो । असैद्धान्तिक र राजकिय सत्ता बलमा महाधिवेशनको जनादेशको अवमानना हुँदा संवैधानिक व्यवस्था अनुसार निर्वाचन आयोगको फैसला अनुरुप पार्टी रा.का.स. को निर्णय अनुसार संवैधानिक राष्ट्रीय पार्टीको रुपमा तिरंगा झण्डा र चुनाव चिन्ह तीरको साथ आफनो-आफनो स्थापना काल देखीको मुल्य मान्यताहरुको आधारमा लोकतन्त्र एवं मधेशवादको सवलताको लागि सद्भावना पार्टी कार्यरत छ । नागरिकता समस्याको हल सहित संघिय शासनक प्रणालीको स्थापना, मातृभाषामा शिक्षा, लोक सेवाको परिक्षामा मातृभाषा एवं हिन्दीलाई नेपाली भाषाको समान राष्ट्र भाषाको दर्जा, समान जनसंख्या एवं भौगोलिक सांस्कृतिक पृष्ठभूमिको आधारमा निर्वाचन क्षेत्रहरुको निर्धारण, मधेशी भूमिहीनहरुलाई जमीनको आवंटन, मधेशी दलित महिला र जनजातिको लागि आरक्षण जस्ता मुलभुत माँगहरु लिएर मधेशीहरुको संघर्षको नेतृत्व गर्दै सद्भावना

नेपाल एउटा बहुजातिय, बहुभाषिक, बहुसांस्कृति, बहुधार्मिक एवं भौगोलिक विविधतायुक्त भु-परिवेष्ठित देश हो । यस देशका अधिकांश भु-भाग पहाडी छन् तर दक्षिणमा भारतको उत्तरी सिमा संग जोडिएको महाभारत पर्वत श्रेणी भन्दा दक्षिण औसत २०-२५ मील चौडाई भएको समतल भूमिलाई मधेश वा तराई भनिन्छ । आफ्नो विशिष्ट सम्पदा एवं संस्कृतिको आधारमा मधेशका मूल निवासीलाई मधेशीको नामले चिनिन्छ । मधेशको इतिहास हजारौ वर्ष पुरानो छँ । राजा जनक, सीता र गौतम बुद्ध प्राचीन मधेशका यी तीन विभूतिहरु वाट सारा विश्व परिचित छ । मधेशको इतिहास आधुनिक नेपालको इतिहास भन्दा हजारौ वर्ष पुरानो छ । महाभारत काल देखी नै यस भू-भागलाई मध्य देशको नामले चिनिन्थ्यो र यसै नामको आधारमा मधेशको मूल निवासी मधेशी कहलाइए । समग्र मधेशका भू-भाग सहित आधुनिक नेपालको निर्माण भएको छ ।

विविध ऐतिहासिक घटनाहरुलाई पार गर्दै औपनिवेशिक काल सन १७६८ ई.मा आधुनिक नेपालको निर्माण प्रक्रियामा प्रारम्भिक संघर्ष देखी नै मधेशीहरुले सवल नेतृत्वदायी र अतुलनिय भूमिकाको निर्वाह गर्दैआएका छन् । वि.सं. २००७ सालको जनक्रान्तिको ऐतिहासिक सफलताका वावजुद पनि यस देशको परम्परागत सामन्ती शासकिय प्रवृतिमा कुनै सुधार आएन् र २०१७ सालमा प्रजातन्त्रको हत्या पछि निरंकुश राजतन्त्र संरक्षित पंचायती व्यवस्थाको दौरान मधेशीहरुलाई राजनैतिक, सामाजिक, भाषायी एवं सांस्कृतिक अधिकारहरु तथा नागरिकता विहिन बनाएर आफ्नै देशमा मधेशी समुदायलाई गुलाम बनाईयो । फलत: लोकतान्त्रिक आन्दोलनको साथ-साथै मधेश मुक्तिको समानान्तर आन्दोलन शुरु भयो । यसै दौरान सद्भावना परिषदको स्थापना गरी गजेन्द्र नारायण सिंहको नेतृत्व तथा बावा रामजन्म तिवारीको अभिभावकत्वमा मधेशी नेताहरु तथा कार्यकर्ताहरुले जेल, नेल, लाठी, गोलीको सामना गर्दै सत्याग्रही संघर्षको कार्यक्रम द्वारा मधेशीहरुको समस्या प्रति देश-विदेशको ध्यानाकर्षण गरायो । विक्रम सम्वत २०४६ सालको जनआन्दोलनमा नेपाल सद्भावना परिषद सक्रिय रुपले सहभागी भयो र आन्दोलनको सफलता पश्चात२०४७ वैशाख २-३ यस परिषदलाई “नेपाल सद्भावना पार्टी” मा रुपान्तरण गरियो । विभिन्न राजनैतिक एवं सांगठनिक आरोह अवरोहहरुलाई पार गर्दै २०६४ भाद्र २७-२९ गते विरगंजमा सम्पन्न पार्टी महाधिवेशनद्वारा पार्टी अध्यक्षको पदमा श्री राजेन्द्र महतो लाई निर्वाचित गरियो । संवैधानिक र राजकिय सत्ता बलमा महाधिवेशनको जनादेशको अवमानना हुँदा संवैधानिक व्यवस्था अनुसार निर्वाचन आयोगको फैसला अनुरुप पार्टी रा.का.स. को निर्णय अनुसार संवैधानिक राष्ट्रीय पार्टीको रुपमा तीरंगा झण्डा र चुनाव चिन्ह तीरको साथ आफनो-आफनो स्थापना काल देखीको मुल्य मान्यताहरुको आधारमा लोकतन्त्र एवं मधेशवादको सवलताको लागि सद्भावना पार्टी कार्यरत छ । नागरिकता समस्याको समाधान, संघिय शासनक प्रणालीको स्थापना, मातृभाषामा शिक्षा, लोक सेवाको परिक्षामा मातृभाषा एवं हिन्दीलाई नेपाली भाषाको समान राष्ट्र भाषाको दर्जा, समान जनसंख्या एवं भौगोलिक सांस्कृतिक एकरुपताको आधारमा निर्वाचन क्षेत्रहरुको निर्धारण, मधेशी भूमिहीनहरुलाई जमीनको आवंटन, मधेशी, दलीत, महिला र जनजातिको लागि आरक्षण जस्ता

मुलभुत माँगहरु लिएर मधेशीहरुको संघर्षको नेतृत्व गर्दै सद्भावना पार्टी विगतको तीन वटा संसदीय निर्वाचनमा जनअनुमोदन प्राप्त गरी एक राष्ट्रीय राजनैतिक दलको रुपमा स्थापित रही आएको छ ।

वि.सं.२०५९ मा निरंकुश राजतन्त्रको पुन: सक्रियता पश्चात पार्टी आन्दोलनकारी गठबन्धन सदस्यको रुपमा सक्रिया सहभागी भई आन्दोलनको ऐतिहासिक सफलतामा अद्वितिय योगदान गरेको छ । वि.सं २०६३ वैशाख ११ गते लोकतन्त्रको पुनर्वहाली पश्चात अन्तरिम संविधान २०६३ जारी हुने समयमा

आठ दलीय गठबन्धनका सात दलद्वारा भएको सहमती पत्र उपर आफ्नो भिन्न मत व्यक्त गरेपछि मधेशीहरुको अधिकारहरु प्रति सजगता देखाउदै संघर्षलाई झन तेज गर्ने विगुल फूक्यो र २०६३ साल पुष १० गते पार्टीद्वारा आव्हान गरिएको मधेश बन्दको अपार सफलता संगै चरणवद्ध रुपमा मधेश आन्दोलनलाई गति प्रदान गरियो । २०६४ फाल्गनु १६ गते सरकारसंग सम्झौता हुदांको समय सम्म ५१ वीर सपूतहरुले आफ्नो जीवनको आहुति दिए । संघीय शासन प्रणालीको सम्बैधानिक व्यवस्था, नागरिकता समस्याको समाधान एवं मधेशमा निर्वाचन क्षेत्रहरुको वृद्धि, मधेश आन्दोलनको देन हो । मधेश आन्दोलनमा शहादत प्राप्त सवै ज्ञात-अज्ञात शहिदहरु प्रति पार्टी नतमस्तक छ । अहिंसक आन्लदोलनको माध्यमले लोकतान्त्रिक पद्धतिको पूर्णताको लागि पार्टी सदैव प्रतिवद्ध रहने छ ।

उद्देश्य :

सद्भावना पार्टी देशमा लोकतान्त्रिक संघीय गणतन्त्रको स्थापनको लागि दृढ संकल्पित छ । राष्ट्र निर्माण एवं राष्ट्रीय एकताको सम्वर्द्धनको लागि पारस्परिक सहयोग तथा सह-अस्तित्वको सर्वमान्य साश्वत सिद्धान्तहरुको आधारमा मधेशी समुदाय एवं पहाडी जनजातिहरु सहित अन्य उपेक्षित वर्ग एवं महिलाहरुको हकहितको संरक्षण एवं सम्वर्द्धनको विशेष जिम्मेवारीको प्रति सद्भावना पार्टी पूर्णरुपले समर्पित छ ।

संविधान सभाद्वारा निर्मित संविधान मार्फत राजनैतिक, आर्थिक, सामाजिक, भाषायी, सांस्कृतिक, लैगिंक, क्षेत्रिय, सामुदायिक वर्गिय भेदभाव एवं शोषणलाई निर्मूल गरी लोकतान्त्रिक संघीय गणतन्त्रतात्मक नेपाल अन्तर्गत राष्ट्रीय अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त मधेश प्रदेशको स्थापना गर्नु सदभावना पार्टीको मुख्य उद्देश्य हो ।

संविधान सभा :

संविधान देशको मूल कानुन हो । देशको सवै कानुन एवं नियम यसैवाट निर्देशित हुन्छ । संविधान बनाउन को लागि जनताद्वारा निर्वाचित जनप्रतिनिधीहरुको सभालाई संविधान सरह एवं यस सभाका सदस्यहरुलाई संविधान सभा सदस्य भनिन्छ ।

राज्य तथा सरकारको प्रारुप, शासन व्यवस्था, जनताको अधिकार, एकात्मक वा संघात्मक शासन प्रणाली, राज्यको ढाचा, न्यायपालिका, राज्यका निर्देशक सिद्धान्त, सेना, प्रहरी र प्रशासनिक अंगहरुमा कुन-कुन क्षेत्र, वर्ग, धर्म, समुदाय एवं समुहका जनताको के-के अधिकार हुन्छ ? यो यही संविधान सभाद्वारा निर्णय गरिनेछ । यो निर्वाचन विगतको संसदीय वा स्थानीय निकायहरुको निर्वाचन जस्तो छैन की एक पटक कुनै गल्ती भए अर्को पटक यसलाई सुधार्न सकियोस । देशको इतिहासमा यो भूल

पुस्तौ-पुस्ता भोगी रहनु पर्नेछ । अतः सवै जनताको र खास गरेर आधुनिक नेपालको निर्माणको समय देखी शोषित, पीडित, उपेक्षित र विभेदको जालमा फसेका मधेशी समुदाय, जनजाति, दलीत र अन्य सवै अल्पसंख्यकहरुले सजग र सचेत रहँदै २०६४ चैत्र २८ गते हुन गईरहेको संविधान सभा सदस्यको निर्वाचनमा सहभागी भएर भेदभाव, शोषण, दमन, उत्पीडन र विभेदका विरुद्ध विगत २५ वर्ष देखी संघर्षरत सद्भावना पार्टीको चुनाव चिन्ह तीरमा छाप लगाई मतदान गर्न आग्रह छ ।

१. स्वायत्तता र आत्मनिर्णय :

आत्मनिर्णय व्यक्तिको अधिकार हुन्छ जो प्रत्येक नेपाली जनताको हो । अतः आत्मनिर्णयको अधिकारलाई परिभाषित गर्दा पार्टी सवै नेपाली जनताको आत्मनिर्णयको अधिकार कुनै खास वर्ग, क्षेत्र, समुदाय, लिङ्ग वा व्यक्तिको नभई वरु सवै नेपाली जनतालाई आत्म निर्णयको अधिकार दिलाउन प्रतिवद्ध छ । ।

स्वायत्तता भू-भागलाई प्राप्त हुन्छ अर्थात नेपाल देश भित्र संघीय शासन प्रणालीको स्थापना पश्चात त्यस अनुसार गठन हुने प्रदेशहरुलाई स्वायत्तता प्राप्त हुनेछ जसलाई संविधानमा अनुसुचित गरिनेछ । प्रदेशहरुलाई आ-आफ्नो प्रदेशको मामिलामा स्वायत्तता प्राप्त हुनेछ । मुद्रा, प्रतिरक्षा र विदेश मामिलाहरुको अतिरिक्त सम्पूर्ण विषयहरु प्रदेशको अधिकार भित्र पर्नेछ । दुई प्रदेशको वीचमा पर्ने नदी वा अन्य द्विपक्षिय हितका सवालहरुमा दुवै प्रदेश वा आवश्यकताअनुसार केन्द्रीय सरकार समेतको समझदारी अनुसार निर्धारण गरिनेछन् ।

अतः सद्भावना पार्टी आत्मनिर्णय र स्वायत्ततालाई एकिकृत देश भित्र प्रादेशिक, भाषिक, सांस्कृतिक, भौगोलिक एवं राजनैतिक अधिकारहरुलाई आम व्यक्ति सम्म पुर्‍याउन तथा परिभाषित गर्नका लागि प्रतिवद्ध छ ।

२. लोकतान्त्रिक संघीय गणतन्त्र :

नेपालमा लोकतान्त्रिक संघीय गणतन्त्रको स्थापना लोकतन्त्रको संस्थागत विकासको लागि अपरिहार्य छ जो सामुदायिक सौहार्द एवं सामाजिक सामंजस्यताको समवर्द्धन गर्दछ ।

राष्ट्रपति :

राष्ट्रपति राष्ट्रप्रमुख हुनेछ जसको निर्वाचन अप्रत्यक्ष विधीद्वारा प्रदेश एवं संसदको सदस्यहरुद्वारा गरिनेछ ।

प्रधानमंत्री :

राष्ट्रीय संसदवाट बहुमत प्राप्त व्यक्ति देशको प्रधानमंत्री हुनेछ । प्रधानमंत्री देशको कार्यकारी प्रमुख हुनेछ ।

मुख्यमंत्री :

प्रादेशिक विधायकहरुको बहुमत प्राप्त व्यक्ति प्रदेशको मुख्य मंत्री हुनेछ । प्रदेशको कार्यकारी अधिकार मुख्य मंत्रीमा निहित रहनेछ ।

३. निर्वाचन प्रणाली :

संविधान सभाद्वरा निर्माण हुने संविधानमा मिश्रित निर्वाचन प्रणाली लागु गराउनको लागि सद्भावना पार्टी प्रतिवद्ध रहनेछ ।

४. संघीय शासन व्यवस्था :

सर्व प्रथम सदभावना पार्टीले नै संघीय शासन व्यवस्थाको प्रस्ताव देशको सामु राख्यो । यो आज देशको मूल राजनैतिक अवधारणाको रुपमा स्विकृत छ । संघीय शासन व्यवस्था अन्तर्गत देशलाई हिमाल, पहाड र मधेश गरी तीन स्वायत प्रदेशहरुमा विभाजित गरिने छ । ती प्रदेशहरुलाई भाषा, संस्कृति एवं समुदाय (Community) को आधारमा विभिन्न स्वायत क्षेत्रहरुमा विभाजित गरिने छ । प्रत्येक प्रदेशमा प्रादेशिक विद्यायिकाको व्यवस्था गरी प्रदेशहरुमा स्वायतता हासिल हुनेछ । स्वायत क्षेत्र प्रदेशहरु प्रति उत्तरदायी हुनेछ । देशको एकता कायम राख्न दुई सदन भएको राष्ट्रीय संसदको व्यवस्था हुनेछ ।

५. स्वतन्त्र न्यायपालिका :

न्यायपालिकालाई स्वतन्त्र, निष्पक्ष र कानुन एवं संविधानको मूल ब्याख्याताको रुपमा स्थापित गरिनेछ । सर्वोच्च न्यायालय, प्रादेशिक न्यायालय र जिल्ला न्यायालय गरी तीन तहको न्याय प्रणाली स्थापित गरिनेछ साथै विभिन्न प्रयोजनहरुको लागि तत् तत् प्रयोजनको लागि त्यसै प्रकृतिका विशेष न्यायालयहरुको गठन पनि गरिनेछ ।

६. मौलिक हक र मानवअधिकार :

क) मौलिक हक :

नागरिक हक, मानवअधिकार, बालअधिकार, महिला एवं धार्मिक अल्पसंख्यक सहित अन्य सामाजिक हक, अभिव्यक्ति स्वतन्त्रता, संगठीत हुने, पार्टी खोल्ने, संघ-संस्था खोल्ने प्रकाशन-प्रसारण, देश-विदेशमा आवत-जावत, वसोवास, सम्पती राख्न र खरीद गर्ने अधिकार सवै नागरिकको हुनेछ ।

ख) मानवअधिकार :

मानवअधिकारको संरक्षण र सम्वर्द्धन हेतु राष्ट्रीय मावन आयोगको दक्षता एवं क्षमता अभिवृद्धिको लागि सद्भावना पार्टी पूर्ण प्रतिवद्ध रहनेछ । राष्ट्रीय र अन्तर्राष्ट्रिय कानुन अनुसार मानवअधिकारको संरक्षण एवं समवर्द्धन प्रति पार्टी जोड दिन्छ ।

७. प्रेस-स्वतन्त्रता :

राज्य सरकार, राजनीतिक दल र समाजको राम्रो नराम्रो कार्यहरुलाई निष्पक्ष र भयरहित तरिकावाट राख्नको लागि प्रेस जगतलाई प्रोत्साहित गरिनेछ । सरकारको चौथो अंगको रुपमा प्रेस जगतलाई विकसित गर्दै राजनैतिक दल र सरकारी हस्तक्षेपवाट मुक्त राखिनेछ ।

८. राष्ट्रीय जनगणना :

वर्तमान जनगणनाको तथ्यांक प्रति पार्टीलाई आपत्ती छ । पार्टी यथाशिघ्र राष्ट्रीय जनगनणाको लागि प्रतिवद्ध छ ।

९. भाषा तथा संस्कृति :

एकांगी स्वरुपको राज्यद्वारा एक भाषा एवं एउटै संस्कृतिलाई बढावा दिदैं आएको छ । नेपाल देश भित्र सांस्कृतिक रुपले अत्यन्त सम्वृद्ध मधेशी सांस्कृतिक पहिचान, ऐतिहासिक एवं पुरातात्विक महत्वका स्थलहरु र वस्तुहरुको राज्यद्वारा विशेष व्यवस्था अन्तर्गत संरक्षित समवर्द्धित एवं विकसित गरिनेछ । प्रादेशिक संरचना पश्चात प्रादेशिक व्यवस्थापिका द्वारा प्रादेशिक भाषाको औपचारिक घोषणा गरिनेछ । केन्द्रीय सरकारले सवै भाषाहरुलाई समान स्थान दिनेछ तथा राज्य भाषाको रुपमा त्रिभाषिक नीति अवलम्वन गरिनेछ ।

मधेशमा बोलिने हिन्दी, मैथिली, भोजपुरी, अवधी, थारु, राजवंशी, उर्दु, बंगाली, उराव, सतार, तामाङ्ग, मारवाडीको साथै नेवारी, राई, लिम्बु, मगर, गुरुङ्ग आदि सवै मातृभाषाहरुको संरक्षण एवं विकासको प्रति पार्टी प्रतिवद्ध रहनेछ । हिन्दी भाषालाई सरकारी दर्जा दिलाउने सम्वन्धी आफ्नो मांग प्रति

पार्टी प्रतिवद्ध छ । मधेशी समुदाय र नेपाली भाषा-भाषीको वीचमा सशक्त सम्पर्क भाषाको रुपमा हिन्दीको विकास तथा संसदमा हिन्दी भाषालाई प्रतिष्ठित गराउन सद्भावना पार्टीको संघर्षवाट सवै परिचित छन् । वैश्विकरणको आजको युगमा अंग्रेजीको साथ-साथै हिन्दी पनि सामान्य नेपाली जनताको लागि रोजगारको भाषा बन्दै गएको छ ।

१०. परराष्ट्र सम्बन्ध :

पार्टी बहुलवादी पहिचान, राष्ट्रीय स्वाधीनता र देश हितलाई ध्यानमा राख्दै विश्वमा शान्ति, समुन्नती, सद्भावको संरक्षण एवं सम्वर्द्धन राष्ट्र संघको वडा पत्र पंचशिलको सिद्धान्तलाई अवलम्बन गर्दै असंलग्न परराष्ट्र नीतिमा आधारित अन्तर्राष्ट्रिय सम्बन्धको पक्षधर छ । संयुक्त राष्ट्र संघ, सार्क एवं अन्य बहुपक्षीय र द्विपक्षीय संगठन सदस्य देशको रुपमा नेपालद्वारा हस्ताक्षरित र ग्रहण गरिएको दायित्वलाई स्वीकार गर्दै व्यवहारिक, श्रृजनात्मक र राष्ट्र हित अनुरुप यसलाई सर्वमान्य बनाउनको लागि पार्टी प्रतिवद्ध छ । पडोसी मित्र राष्ट्र भारतसिताको प्राकृतिक र सांस्कृतिक एकरुपता एवं विशेष सम्बन्धलाई अझै समय सापेक्ष र व्यवहारिक बनाइनेछ । अर्को पडोसी देश चीन र सार्क क्षेत्रका अन्य देशहरुका साथको सम्वन्धलाई अझै स्पष्ट र दुवै राष्ट्रको हितमा ध्यानमा राखेर अघि बढाइनेछ । भुटानी शरणार्थी सहित अन्य देशका शरणार्थीहरुको स्वदेश वापसीको वातावरण बनाउन पार्टी प्रतिवद्ध छ । विश्व व्यापार संगठन सहित अन्य अन्तर्राष्ट्रिय संगठनहरुद्वारा अल्पविकसित देशहरुलाई दिइने सहुलियत र छुटको सदुपयोग एवं विदेशी सहायताको उपयोग गर्ने सम्वन्धी नीतिलाई कार्यान्वित गराइनेछ । नेपालको शान्ति प्रियता तथा लोकतान्त्रिक चरित्रको भेदभाव मुक्त देशको रुपमा अन्तर्राष्ट्रिय जगतमा स्थापित गराउनका लागि पार्टी प्रतिवद्ध छ ।

११. प्रशासनिक सुधार :

राष्ट्रीय, प्रादेशिक र स्थानीय निकायको आवश्यकताअनुरुप प्रशासनतन्त्रको पुनर्सरचना गरिनेछ । कर्मचारी नियुक्ती र पदोन्नती पद्धतीलाई पुनर्सरचनाको द्वारा वैज्ञानिक आधार प्रदान गरिनेछ । प्रशासनिक सेवा, प्रहरी सेवा, न्यायायिक सेवा, शिक्षा सेवा जस्ता सेवाहरुमा विशेष आरक्षणको व्यवस्था लागु गरि प्रतिस्पर्धाद्वारा मेधावी मधेशी युवा-युवतीहरुलाई लोक सेवाको मापदण्ड अनुरुप प्रथम श्रेणीका पदहरुमा नियुक्ती दिइने व्यवस्था गरिनेछ ।

१२. सुरक्षा निकाय :

भेदभावपूर्ण नीतिका कारण विगतमा नेपाली सेनामा मधेशीहरुलाई स्थान दिइएन । सेनामा मधेशीहरुको समानुपातिक प्रतिनिधीत्व सुनिश्चित गराउन पार्टी प्रतिवद्ध छ । जनपद तथा सशत्र प्रहरी बलमा पनि मधेशीहरुलाई समानुपातिक रुपमा स्थान दिलाइनेछ । प्रदेश गठनको पश्चात प्रादेशिक सुरक्षा बलको गठनमा पार्टी विशेष बल दिनेछ साथै सुरक्षा निकायहरुको दक्षता मानव अधिकारहरु प्रति सम्वेदनशिलता र लोकतन्त्र प्रति प्रतिवद्धता सुनिश्चित गराइनेछ ।

१३. धार्मिक स्वतन्त्रता :

सद्भावना पार्टीले धर्मलाई व्यक्तिगत आस्थाको विषय मान्दछ । धार्मिक स्वतन्त्रताको अधिकार सहित नेपाल एउटा धर्मनिरपेक्ष राज्य हुनेछ ।

१४. शिक्षा :

प्राथमिक शिक्षाको माध्यम मातृभाषा हुनेछ र माध्यमिक तहसम्म (दश कक्षा सम्म) निःशुल्क शिक्षा र समाजका अति पिछडिएका वर्गहरुका लागि निःशुल्क उच्च शिक्षा र गरिबहरुलाई विशेष छात्रवृति उपलब्ध गराईनेछ । प्राविधिक एवं व्यवसायिक शिक्षालाई विशेष ग्राहयता प्रदान गरिनेछ । नीजि तथा सरकारी विद्यालयहरुको पाठ्यक्रमहरुलाई समन्वित रुपमा विकास गरिनेछ ।

१५. स्वास्थ्य :

स्वास्थ्य सुविधालाई सर्वसाधारण सम्म पुर्याउनको लागि पार्टी प्रतिवद्ध छ । सामुदायिक स्वास्थ्य सेवालाई आत्मनिर्भर र सर्वसुलभ बनाउका लागि आयुर्वेद, सिद्धयुनानी, होमोपैथिक र प्राकृतिक चिकित्सा पद्धतिहरुलाई प्रोत्साहित गरिनेछ । अस्पतालमा उत्पन्न असंतुलनलाई कमगर्ने उद्देश्यले चिकित्सक र स्वास्थयकर्मीको सेवालाई सम्मानजनक बनाइनेछ र मातृशिशु सम्वन्धी तथा जीवनदायी औषधीहरुलाई कर मुक्त गरिनेछ ।

१६. समाजिक :

सद्भावना पार्टी सम्पूर्ण समाजिक विकृतिहरुको उन्मुलन पक्षमा रहि प्रगतिशिल समाज को पक्षमा छ । मंदिर, मस्जिद, गुम्वा, बिहार, गुरुद्वारा चर्चका साथै अन्य महत्वपूर्ण पुरातात्विक र धार्मिक महत्वका धरोहोरहरुको संरक्षण गर्ने पक्षमा छ । प्रत्येक जाति, वर्ग, समप्रदायको प्रति समान प्रकट गर्दै राष्ट्रिय भावनाको अभिवृद्घि हेतु स्वास्थ्य वातावरण निर्माण गराउने छ । सबै धर्म र महत्वपूर्ण चार्ड पर्वको अवसरमा सार्वजनिक विदा गरिनेछ तथा समाजिक, आर्थिक विकासको लागि संयुक्त राष्ट्रसंघ द्वारा घोषित लक्ष्य अनुसार कार्यकम बनाइने छन् । समाजका सबै वर्गको समाजिक सुरक्षाको लागि कानुन निर्माण गराईने छ ।

क) महिला :

देशको कुल जनसंख्याको आधा हिस्सा महिलाहरुको लागि, समाज, अर्थतन्त्र एवं राज्यको प्रत्येक अंगमा विशेष अधिकार सहित समान सहभागिता सुनिश्चित गरिनेछ । देशको व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका सहित राज्यसत्ताको हरेक अंग, सेना, प्रहरी र कर्मचारी प्रशासनमा मधेशी महिलाहरुलाई पनि समानुपातिक सहभागिता कायम गराउने नीतिको अवलम्बन गरिनेछ ।

ख) दलित

दलितहरुको साथमा भइरहेको छुवाछुत लगायत सबै प्रकारका विभेदलाई पूर्णतया अन्त्य गरि देशलाई छुवाछुत मुक्त देश घोषणा गराउनु पार्टीको लक्ष्य छ । राज्य सत्ताका सबै निकायहरुमा पहाडी दलितको समान मधेशी दलितहरुलाई पनि समान अवसर दिलाउन पार्टी कटिबद्ध छ ।

ग) आदिवासी जनजाति :

देशको भूमिपुत्र आदिवासी जनजातिलाई सद्भावना पार्टीले राज्यसत्ताको प्रमुख अंग मान्दै उनको भाषा, संस्कृति, सभ्यताको संरक्षण तथा सम्वर्द्धन हेतु कटिवद्ध छ ।

घ) दुर्गम क्षेत्र :

सद्भावना पार्टी देशको कुनै पनि भू-भाग विशेष प्रति पुर्वाग्रह नराखी समुन्नत राष्ट्र निर्माणको लागि पिछडिएका दुर्गम क्षेत्रलाई पनि देशका अरु क्षेत्र सरह वाटो-घाटो, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता अवसरहरु वाट सु-सज्जित गराउन प्रतिवद्ध छ ।

ङ) मुस्लिम एवं अन्य धार्मिक अल्पसंख्यक :

धर्मनिरपेक्ष देश नेपालमा सवै धर्मावलम्बीहरुलाई आ-आफ्नो धर्म मान्ने बरावर अधिकार छ । मुस्लिम धर्मावलम्बी मधेशको एक महत्वपुर्ण अंग हो । सवै धर्मको प्रति समान आदर राख्दै मुसलमान, सिख, इसाई, बौद्ध सहित अन्य अल्पसंख्यक धार्मिक समुदायहरुको धार्मिक आस्थाको रक्षार्थ सद्भावना पार्टी कटिवद्ध छ ।

च) हिमाली तथा अन्य अल्पसंख्यक जाति :

प्राकृतिक सुन्दरताको धनी हिमाल प्रदेशमा बसोवास गर्ने हिमाली समुदाय भौगोलिक, प्राकृतिक कारणले पछाडी छ । सद्भावना पार्टी हिमाली तथा अन्य अल्पसंख्यक जातिको संस्कृति, सभ्यता, भेष-भुषाको उत्थान एवं अन्य समस्याहरुको समाधान हेतु सदा प्रयासरत रहनेछ ।

छ) विकलाङ्ग :

विकलाङ्ग हुनु एक संयोग हो, अभिशाप होइन । सद्भावना पार्टी विकलाङ्गहरु प्रति दया होइन अवसर प्रदान गरी राज्य संचालन संग जोड्न सतत् प्रयासरत रहनेछ ।

ज) गैर-आवासिय नेपाली :

नेपालवाट विदेशमा पलायन भई स्थायी निवासी बनिसकेका नेपालीलाई नेपालमा लगानी, सामाजिक सुरक्षा, संरक्षण र लामो अवधीको आवासिय व्यवस्थापनको प्रति पार्टी प्रतिवद्ध छ ।

झ) श्रमिक मजदुर र सामाजिक सुरक्षा :

खेतीहर, उद्योगी, घरेलु, असंगठित, अपरिभाषित एवं अन्य सवै क्षेत्रको मजदुरहरुको जिविकोपार्जन तथा सामाजिक सुरक्षाको लागि पार्टी विशेष योजना वनाउने छ ।

ञ) जेष्ठ नागरिक :

जेष्ठ नागरिकको सम्मान, सुरक्षा, स्वास्थ्य, जिविकोपार्जन एवं सामाजिक सुरक्षाको लागि पार्टी वृद्धाश्रम एवं अन्य विशेष कार्यक्रम बनाउनको लागि पहल गर्नेछ ।

ट) लैङ्गिक अल्पसंख्यक:

लैङ्गिक अल्पसंख्यकको पहिचान, प्रतिनिधित्व एवं सामाजिक सुरक्षाको साथै उनको सम्मानजनक स्थिति प्रती पार्टी विशेष ध्यान दिनेछ ।

ठ) भूमिहिन एवं कमैया :

वास्तविक भूमिहिनहरुको पहिचान गरेर नक्कली भूमिहिनहरुको स्थानमा स्थापित गरिनेछ । गरीब, भूमिहिन, कमैया र कम्लरीको सामाजिक सुरक्षा, जिविकोपार्जन एवं पुनःस्थापना प्रति पार्टी प्रतिवद्ध छ ।

ड) वादी एवं अन्य सिमान्त समुदाय :

वादी एवं अन्य सिमान्त, अल्पसंख्यक एवं लोपोन्मुख वर्ग, समुदाय र पेशाकर्मीको पुनःस्थापन, संरक्षण विकास एवं सामाजिक सुरक्षाको साथै सम्मानजनक जीवनको लागि विशेष ध्यान दिइनेछ ।

ढ) बाल अधिकार : देशको बच्चाहरुको स्वास्थ्य, सुरक्षा, लालनपालन, शिक्षा एवं मनोरंजनको समुचित व्यवस्थाको लागि आवश्यक कानुनी व्यवस्थाको प्रति पार्टी प्रतिवद्ध छ । बालश्रमिक, सडक बालक, द्वन्दको चपेटामा फसेको बच्चाहरु र अभिभावकविहिन वच्चाहरुको लागि विशेष व्यवस्था प्रति पार्टी सम्वेदनशिल छ ।

१७. गरिबी निवारण र रोजगारी प्रवर्द्धन :

नेपालमा साधन र श्रोतहरुको प्रचुरता रहे पनि विश्वको गरिब देशहरुको कतारमा उभिएको छ । प्राकृतिक श्रोत र साधनहरुको प्रचुर दोहन गरी गरीबी न्यूनिकरण गरी रोजगारी श्रृजना गरिनेछ । बेरोजगार सेलको स्थापना गरी संकलित तथ्यांकको आधारमा रोजगारीको व्यवस्था गराइनेछ । वैदेशिक रोजगारीलाई व्यवस्थित गर्नको लागि वैदेशिक रोजगार कोषको व्यवस्था गरिनेछ । जसवाट पीडितहरुलाई राहत, विपन्न र इच्छुक जनशक्तिलाई सावधिक ऋण एवं सामाजिक सुरक्षा सुनिश्चित गरिनेछ । कृषि, पशुपालन, पर्यटन उद्योग, गैर सरकारी, नीजि क्षेत्र र सुचना प्रविधिलाई विशेष महत्वका साथ विकास गरी गरिबी न्युनिकरणका साथ रोजगारी सृजना गरिनेछ । यसको साथै वैश्वीकरणको दौरमा दुई पडोसी राष्ट्र भारत र चीनको साथै पूर्व र मध्य एसियाको बीचको Transit Point बनाएर त्यसलाई पनि रोजगारी एवं गरिबी न्यूनिकरणमा सहयोगी, एउटा नयाँ क्षेत्रको रुपमा विकसित गरिनेछ यसको साथै “एक परिवार एक रोजगार” र “वेरोजगारलाई वेरोजगारी भत्ता” को अविलम्व व्यवस्था गराउनका लागि पार्टी प्रतिवद्ध छ ।

१८. आर्थिक नीति :

सद्भावना पार्टी वैश्वीकरणको आजको युगमा स्वतन्त्र बजारबाट प्राप्त अवसरहरुको अधिकतम उपयोगलाई प्राथमिकता दिदैं आर्थिक नीति निर्धारणको पक्षमा छ । उच्च विकास दर प्राप्ति हेतु नीजि क्षेत्रमा उत्पादकत्व बढाउनको लागि स्वतन्त्र बजार र उदारीकरणको सिद्धान्त अनुरुप स्वदेशी र विदेशी लगानीमा अभिवृद्धिको वातावरण तयार गरिनेछ । यस सन्दर्भमा पार्टी आकर्षक नीति निर्माणको पक्षमा छ साथै क्षेत्रिय

आर्थिक असमानता कम गर्नको लागि सरकारी, सहकारी तथा सरकारी नीजि सहभागीतामा ग्रामिण क्षेत्रहरुको विकास हेतु आर्थिक अभिवृद्धि, लोककल्याणकारी गरिबी निवारण सम्वन्धी कार्यक्रमहरुलाई प्रभावी तवरले संचालन गरिनेछ । कृषि क्षेत्रलाई व्यवस्थित गर्नको लागि सहकारी खेतीलाई प्रोत्साहन, सामुदायिक सिंचाई आयोजना, ग्रामिण कृषि सडकको निर्माण, वैज्ञानिक वजार व्यवस्थापन सम्वन्धी दीर्घकालीन योजनालाई कार्यान्वयन गर्ने जिम्मेवारी प्रादेशिक सरकारको हुनेछ । वैज्ञानिक अध्ययनलाई आधार मानि राज्यको स्वामित्वमा रहेका संस्थानहरुको संचालन, क्षमता वृद्धिको लागि गरिनेछ । कृषि र वन उत्पादनलाई उद्योगको दर्जा प्रदान गरिनेछ । वैकिङ्ग व्यवस्थालाई सुदृढ, सरल र आम जनताको लागि सुलभ बनाइनेछ । घाटामा रहेका सामाजिक संस्थानहरुको नीजिकरण वस्तुगत र वैज्ञानिक अध्ययनको आधारमा गरिनेछ ।

१९. कृषि :

पहाड केन्द्रित नेतृत्वको अदुर्दशिता र भेदभावपूर्ण नीतीका कारण कृषि उत्पादकत्व निरन्तर ह्रासोन्मुख भएको छ र यसवाट मधेश नराम्रो संग प्रभावित भएको छ र ग्रामीण क्षेत्रमा वेरोजगारी समस्या जटिल भएको छ । श्रम शक्ति विदेशमा पलायन भैरहेको छ । यसवाट समस्त आर्थिक व्यवस्था प्रभावित भैरहेको छ । कृषि क्षेत्रको वैज्ञानिक विकास प्रति सद्भावना पार्टी पूर्णरुपले प्रतिवद्ध छ । कृषि विकास एवं रोजगार अभिवृद्धिलाई पार्टीले सर्वोच्च प्राथमिक दिनेछ । सिचांई र विजुलीको समुचित व्यवस्था, आधुनिक कृषि औजार, उन्नत वीउ, रासायनिक मल जैविक र कीटनाशक औषधिको सुलभ आपूर्ति, सहुलियत व्याजमा ऋणको व्यवस्था तथा कृषि बजारको वैज्ञानिक व्यवस्था गरी कृषिका क्रान्ति गर्नु यो पार्टीको लक्ष्य रहेको छ । कृषि अनुसन्धान र कृषि विश्वविद्यालयहरुको स्थापना गर्नको लागि सद्भावना पार्टीले जोड दिनेछ । भूमि माथिको द्वैध स्वामित्व अन्त्यगरी वैज्ञानिक भूमिसुधार कार्यक्रम लागु गरिनेछ । वन कटानी र हदबन्दी बाट प्राप्त भूमि मधेशका नै भूमि हीन मा वितरण गरी घरवासको लागि न्युनतम जमीनको व्यवस्था गर्न पार्टी प्रतिवद्ध छ । चकबन्दी कार्यक्रम लागु गरी खेत खेतमा पानी, ग्रामिण सडकको सुविधा व्यवस्था गर्न र पशुपालन तर्फ विशेष ध्यान दिइनेछ ।

२०. जलश्रोत :

जलश्रोतको बहुआयामिक प्रयोग गरी सिंचाई, पेयजलको सुविधा, विद्युत, पर्यटन तथा जलयातायातको विकास गरी जनताको जीवन स्तरमा युगान्तकारी परिवर्तन ल्याउनको लागि सद्भावना पार्टी प्रतिवद्ध छ ।

वैश्वीकरणको युगमा जलश्रोत विकासको लागि क्षेत्रिय सहयोग र विकासका अवधारणालाई अगाडी बढाउन पार्टी प्रतिवद्ध छ । दक्षिण एसियामा जलविद्युत विकासको लागि अन्य देशहरु संग द्विपक्षिय, त्रिपक्षिय या बहुपक्षिय सन्धी सम्झौता गर्न पार्टी सदैव अग्रसर रहनेछ । संघीय व्यवस्था अनुरुप जलश्रोतको विकासको लागि प्रादेशिक नीति पनि तयार गरिनेछ ।

२१. पर्यटन :

पर्यटनलाई उद्योगको दर्जा प्रदान गरी देशको हरेक भू-भाग र क्षेत्रमा यसको समान रुपले विकास गराउनको लागि पार्टी कृतसंकल्पित छ । नयाँ र ओझेलमा पारिएका महत्वपुर्ण पर्यटकिय क्षेत्र, स्थलको खोज, पहिचान र विकास गरि पर्यटनको द्रुततर विकासमाथी पार्टीले विशेष बल दिनेछ । पडोसी राष्ट्रका पर्यटकहरुलाई

आकर्षित गर्न आन्तरिक पर्यटकीय क्षेत्र जस्तै धनुषाधाम, सिम्रोनगढ, किचकबद्ध, विराटदरवार र सहलेश फुलवारीको विकासमा पार्टीद्वारा विशेष बल दिईनेछ ।

२२. वन तथा पर्यावरण :

वर्तमान वन नीति, पर्यावरण जैविक विविधता वातावरणको प्रतिकुल छ र खास गरी मधेशीहरुको लागि अहितकर छ । यो केन्द्रको परम्परागत शासकहरुको पक्षमा छ । वन नीतिको निर्माण मधेश एवं स्थानीय जनताको आवश्यकत र वातावरणीय संतुलन बनाई राख्नको लागी निर्माण गरिनेछ । मधेशी सहित अन्य स्थानीय आदिवासी र जनजातिहरुको हितलाई ध्यानमा राखी सामुदायिक वन विकास कार्यक्रम लागु गरिनेछ । वन विनाशको कारण मधेशमा वाढको साथै उर्वर जमिनको कटानको गम्भीर समस्या प्रति पार्टी अत्यधिक सम्वेदनशिल छ । वन तथा पर्यावरण संरक्षण जस्ता मुद्दाहरुलाई विशेष प्राथमिकता दिइनेछ र यसको वैज्ञानिक समाधानको लागि पार्टी प्रतिवद्ध रहनेछ ।

२३. ग्रामिण विकास :

ग्रामिण र शहरी जीवन स्तरमा विद्यमान असमानतालाई कम गर्नको लागि गाँउको विकास माथि विशेष ध्यान दिईनेछ । शिक्षा, स्वच्छ पिउने पानी, ग्रामिण सडकको निर्माण, ग्रामिण रोजगार, ग्रामिण वैंकको विस्तार, स्वरोजगारको आधारको विस्तार, सार्वजनिक शौचालयहरुको व्यवस्था आदि कार्यक्रम लागु गरिनेछ ।

२४. शहरी विकास :

शहरी जनजीवनलाई व्यवस्थित स्वच्छ तथा आधुनिक बनाउनका लागि शहरी विकास योजनाहरुको प्रभावकारी कार्यान्वयन माथि सद्भावना पार्टीद्वारा विशेष ध्यान दिइने छ ।

२५. उद्योग वाणिज्य र आपूर्ति :

आत्मनिर्भरता एवं पारस्परिक निर्भरताका साथ अर्थ व्यवस्थालाई विकसित गरी आर्थिक सम्पन्नता अभिवृद्धि गर्न सद्भावना पार्टी दृढ संकल्प गर्दछ । दक्षता र क्षमता अनुसार सबै किसिमका उद्योग धन्दा बढाउने छ । व्यवस्थापन एवं सवै वर्गमा सुमधुर सम्वन्ध कायम गर्न पारस्परिक हितलाई आधार बनाइनेछ । जसले औधोगिक क्षेत्र शान्तिक्षेत्रको रुपमा विकसित हुन सकोस । नयाँ उद्योग विकासको लागि हर प्रकारको सुविधा प्रदान गर्दै सरल कानुनी प्रणाली विकास गरिनेछ र साथै विशेष आर्थिक क्षेत्र (SEZ) को नीतिलाई त्वरित रुपमा अघि बढाइनेछ । देशमा सर्वसाधारणको लागि जनवितरण प्रणाली Public Distribution System लागु गरी आवश्यक सामग्री वितरण गरिनेछ ।

२६. नागरिकता :

नेपालमा नागरिकता समस्याको समाधानमा यस पार्टीको एतिहासिक भूमिका रहेको छ । मधेशीहरुको यस समस्याको व्यापक हल भैसकेता पनि अझै पनि महिलाहरु र धेरै ठाँउमा अल्पसंख्यक मधेशीहरु र नागरिकता वितरण टोली गाँउमा जादा कुनै कारणवस घर देखी बाहिर रहेकाहरुको समस्या अझै बाकि छ । यस समस्याको सार्वकालिक समाधान गर्नको लागि पार्टी प्रतिवद्ध छ ।

२७. संचार प्रबिधि :

वैश्वीकरणको यो शताब्दीमा संचार प्रविधिको ठोस एवं द्रुत विकासको लागि पार्टी प्रतिवद्ध छ ।

२८. गैर सरकारी संस्था :

आन्तरिक र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको कियाकलाप, कार्यक्रम र सहयोग वाट नेपाली समाजलाई एउटा उल्लेखनीय सहयोग प्राप्त भएको छ । रोजगारी, जागरण र विकासमा यस क्षेत्रले राम्रो सहयोग गरेको छ । लोकतान्त्रिकरणको प्रक्रियामा पनि यस क्षेत्रको ठुलो योगदान रहेको छ । पार्टीले अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको सहयोगको क्षेत्र विस्तार गरी देशका सवै भू-भाग एवं शोषित, पिडित, उपेक्षित एवं सिमान्तीकृत जनताको सर्वाङ्गिण विकासमा यसको उपयोगमाथि पार्टीले विशेष ध्यान दिइनेछ ।

२९. मधेश विद्रोह :

विगत २५ वर्षको शान्तिपूर्ण आन्दोलन, अहिंसक संघर्ष र संसदीय अभ्यासको क्रममा मधेशी समुदायको विरुद्ध जारी रहेको शोषण, भेदभाव, दमन, अन्याय र अत्याचारको समाप्तीको लागि गरिएका प्रयासहरुलाई राज्यसत्ता द्वारा नजरअन्दाज गरियो फलस्वरुप मधेशी समुदायको एउटा हिस्सा मधेशी समुदाय को शोषणको विरुद्ध, राज्य सत्तामा उसको भागेदारीको लागि सशस्त्र संघर्षको वाटो अवलम्वन गरेको छ । बलप्रयोग, समस्यालाई अझै जटिल तथा गम्भिर बनाउनेछ । अतः पार्टी सशस्त्र संगठनहरु संग यथाशिघ्र वार्ता गरी समानजनक निकास र दीर्घकालिन शान्तिको लागि सदैव तत्पर छ ।

३०. संविधान निर्माण र आम जनता :

संविधान सभाको गठन पश्चात र संविधान घोषणा लागु हुँदाको समय सम्म जनतालाई सजग सचेत र सावधान रही रहनु पर्नेछ । राजनीतिक दलहरुको विगतको इतिहासलाई दृष्टिगत गर्दा आफ्नो घोषणापत्रमा मत आकर्षित गर्ने भाषा त लेखिन्छ तर त्यस पश्चात स्वेच्छाचारी ढंगले शासन चलाइन्छ । यसर्थ यो निर्वाचन संविधान सभाको निर्वाचन हो जसवाट देशको भावी मूल कानुन अर्थात संविधान निर्माण गर्नुछ । अतः सिमान्तीकृत, शोषित, पीडित, उपेक्षित र विवेधको चपेटामा परेका मधेशी समुदाय, दलित, आदिवासी जनजाति महिला र अन्य सवै संविधान निर्माणको समयावधिमा जागरुक रहेर संविधान निर्माण प्रक्रिया माथि दृष्टि राख्नुपर्ने छ । विभेदलाई मिटाएर आम नेपाली जनताको पहिचान, पहूँच र प्रतिनिधित्वको ग्यारेन्टी एवं प्रदेश र देशको सामाजिक, आर्थिक, राजनैतिक आदी क्षेत्रहरुमा समानजनक, समानुपातिक तथा न्यायपूर्ण हिस्सेदारीलाई संविधानमा अंकित गराउने कार्यमा आउने व्यवधानहरुको प्रति सम्पूर्ण समानताका पक्षधर जनताहरुले सचेत रहनु पर्नेछ ।

३१. हाम्रो प्रतिवद्धता :

विगत २५ वर्ष देखी लोकतन्त्र, मधेशवाद र सामाजिक न्यायको लागि संघर्षरत सद्भावना पार्टी प्रगतीशिल र समानताको आधारमा भावी संविधान लेखाउने कार्यलाई अघि बढाउने पक्षमा रहदै स्वं गजेन्द्र बावुको मार्ग निर्देशनलाई सदैव अनुशरण गरि रहनेछ । नया नेपाल बनाउने संकल्पको साथ भइरहेको संविधान सभाद्वारानव नेपाल अन्तर्गत नव मधेश प्रदेश र अधिकार सम्पन्न तथा सम्वृद्ध मधेश, पार्टीको प्राथमिक सरोकारको विषय हो । संघिय लोकतान्त्रिक गणतन्त्र राज्य, स्वतन्त्र न्यायपालिका मानव अधिकारको

पूर्णप्रत्याभूति, व्यक्तिगत स्वतन्त्रता तथा सवै प्रकारका विभेदहरुको समुल अन्त्य, प्रेस स्वतन्त्रता, समानता र सामाजिक न्यायमा आधारित नया संविधान निर्माणको लागि घोषणापत्रमा अंकित विषयहरुको प्रति प्रतिवद्ध रहदै सद्भावना पार्टी संविधान सभामा निर्वाचित हुने आफ्ना सदस्यहरुको मार्फत ती विषयहरुलाई लेखाउन पार्टी प्रतिवद्ध छ । सवै प्रकारको निरंकुशता, अलोकतान्त्रिक र अतिवादको विरुद्ध रहदै भेदभाव एवं शोषणलाई देश वाट फ्याक्नको लागि प्रति पार्टी प्रतिवद्ध छ । संविधान सभा निर्वाचनको माध्यमवाट निर्वाचित जनप्रतिनिधिहरु द्वारा निर्माण हुने नया संविधानमा लोकतन्त्र, मधेशवाद, समानता एवं सामाजिक न्यायको पक्षधर सद्भावना पार्टीको चुनाव चिन्ह तीर छापमा बहुमतिय निर्वाचन प्रणालीको लागि हल्का निलो रंगको मतपत्रमा छाप लगाएर हल्का निलो रंगको वाकसमा तथा समानुपातिक निर्वाचन प्रणालीको लागी हल्का गुलावी रंगको मतपत्रमा छाप लगाएर हल्का गुलावी रंगको बाकसमा मत पत्र खसाएर सद्भावना पार्टीको संविधान सदस्य निर्वाचन घोषणापत्रलाई अनुमोदन गरौ ।

सद्भावना पार्टी भेदभाव मुक्त, समतावादी, लोकतान्त्रिक र सवै क्षेत्र संस्कृति, भाषाभाषीको संविधान बनाउने कार्यमा सहयोग प्राप्त गर्नको लागि तमाम मतदाता आमा, भाई-बहिनीहरु संग हार्दिक अपील गर्दछ ।

२५ वर्ष देखिको सद्भावनाको बलिदान, तीर छापमा गरौं मतदान”

जय मातृभूमि ।

मिति २०६४।१२।५ गते